# नेपाल उद्योग वाणिज्य महासंघ

## Federation of Nepalese Chambers of Commerce & Industry

FNCCI

पत्र संख्या: एजिएम १-६०/८२ ( ८८० )

२०८२/१२/६

श्री सदस्य महानुभावहरु,
नेउवामहासंघ ।

विषय: **नेपाल उद्योग वाणिज्य महासंघको ६० औं वार्षिक साधारण सभा एवं निर्वाचन बारे सूचना पठाईएको सम्वन्धमा ।**

महोदय,

नेपाल उद्योग वाणिज्य महासंघको ६० औं वार्षिक साधारण सभा **यही २०८२ साल चैत्र २९ गते (April 12, 2026) आईतवार होटल रोयल ट्युलिप, ग्वार्को, ललितपुरमा** र निर्वाचन **२०८२ साल चैत्र ३० गते (April 13, 2026) सोमवार नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौंमा** मा आयोजना गर्ने महासंघको १५औं कार्यकारिणी समितिको वैठकले निर्णय गरे अनुसार ६०औं वार्षिक साधारण सभाको सूचना पठाईएको छ ।

महासंघको यस ६०औं वार्षिक साधारण सभामा महासंघको विधान २०४९ (सातौं संशोधन सहित) को दफा २२ को उपदफा २२.१ र दफा २९ अनुसार उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन समेत हुने भएकोले निर्वाचन तथा अन्य कार्यक्रम निम्न अनुसार हुने छ ।

(क) **६० औं वार्षिक साधारण सभा एवं निर्वाचन सम्वन्धी कार्यक्रम:**

(क)१ २०८२ चैत्र २९ गते आईतवार ६० औं वार्षिक साधारण सभाको समुद्घाटन होटल रोयल ट्युलिप, ग्वार्को, ललितपुरमा हुने ।

(क)२ २०८२ चैत्र २९ गते आइतबार समुद्घाटन कार्यक्रम पश्चात महासंघको विधान २०४९ (सातौं संशोधन सहित) को दफा २२ अनुसार को वार्षिक साधारण सभा सम्वन्धी अन्य कार्यक्रमहरु सोही होटलमा सम्पन्न हुने छ ।

(क)३ २०८२ चैत्र ३० गते सोमवार महासंघको विधान २०४९ (सातौं संशोधन सहित) को दफा २९ अनुसारको निर्वाचन समितिले निर्धारण गरेको समय तालिका अनुसार नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाडौंमा महासंघको उपाध्यक्षहरू र कार्यकारिणी समितिका सदस्यहरूको निर्वाचन सम्वन्धी कार्यक्रम हुने छ ।

(ख) **उम्मेद्वारी मनोनयन, सभामा प्रतिनिधित्व र शुल्क सम्बन्धमा:**

(ख)१ यस ६० औं वार्षिक साधारण सभामा दफा २९ को उपदफा २९.२ अनुसार उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन हुने भएकोले उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यको निर्वाचनको लागि उम्मेद्वार मनोनयन गर्न इच्छुक सदस्य संघ/संस्थाहरुले आ.व. २०८२/८३ सम्मको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र उम्मेदवारी शुल्क सहित **मनोनयन–पत्र** र **प्रतिनिधि–पत्र** महासंघको नियमावली २०८२ अनुसार साधारण सभा हुनु भन्दा ७ दिन अघि अर्थात २०८२ चैत्र २२ गते सांझ ५:०० बजे भित्र महासंघको सचिवालय टेकूमा दर्ता गराई सक्नु पर्नेछ ।

यसै समय भित्र मनोनयन-पत्र, प्रतिनिधि-पत्र र सम्वन्धित संघको कार्यकारिणी समितिको वैठकको निर्णयको प्रतिलिपि ई–मेलवाट पनि पठाउन सकिनेछ । तर यी

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg, Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 5362061, 5362218, 5366889
Cable : FEDERATION, Fax : 977-1-5361022, 5362007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ५३६२०६१, ५३६२२१८, ५३६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-५३६१०२२, ५३६२००७
इ-मेल : fncci@mos.com.np

http://www.fncci.org

STOP Child Labour

सबै कागजातको सक्कल प्रतिहरु साधारण सभा शुरु हुने ३ (तीन) दिन अघि अर्थात **२०८२ चैत्र २६ गते सांझ ५:०० बजे भित्र महासंघको सचिवालयमा** आई पुग्नु पर्नेछ। त्यस्तो कागजातको सक्कल प्रति प्राप्त नभएमा त्यस्ता उम्मेदवारको मनोनयन पत्र रद्द गरिने छ।

(ख)२ साधारण सभामा जिल्ला/नगर उद्योग वाणिज्य संघ एवं बस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघको हकमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्ने व्यवस्था रहेको छ। अध्यक्ष स्वयं उपस्थित हुन नसक्ने अवस्थामा महासंघको विधान २०४९ (सातौं संशोधन सहित) को दफा २४ को उपदफा २४.५ अनुसार सम्बन्धित सदस्य संघको कार्यकारिणी समितिले आफू मध्येबाट प्रतिनिधि छानि मुख्य प्रतिनिधि सहितको प्रतिनिधि मण्डलको नाम पठाउनु पर्ने छ। साथै निर्णयको प्रमाणित प्रतिलिपि समेत प्रतिनिधि पत्र साथ संलग्न गर्नु पर्नेछ।

(ख)३ महासंघको विधान २०४९ (सातौं संशोधन सहित) को उपदफा २४.७ अनुसार निर्वाचनमा उम्मेदवार खडा गर्ने उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघ, एशोसिएटस सदस्य एवं महासंघका संस्थापक सदस्यहरुले आफ्नो तर्फबाट निर्वाचनमा खडा गर्ने उम्मेदवारलाई समेत प्रतिनिधि मण्डलमा समावेश गरी प्रतिनिधि मण्डल पठाउनु पर्नेछ।

महासंघको ६०औं वार्षिक साधारण सभामा निम्न संघ /संस्थाबाट निम्न संख्यामा प्रतिनिधि मण्डल पठाउन सक्ने छ :

- जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुले मुख्य प्रतिनिधि सहित–३ जना ( १मुख्य प्रतिनिधि र २ अतिरिक्त प्रतिनिधि)
- वस्तुगत संघहरुले मुख्य प्रतिनिधि सहित–२ जना (१ मुख्य प्रतिनिधि र १ अतिरिक्त प्रतिनिधि)
- द्वि–राष्ट्रिय उवासंघहरुले मुख्य प्रतिनिधि –१ जना
- एशोसिएट सदस्यले मुख्य प्रतिनिधि–१ जना

(ख)४ महासंघको विधानको दफा २४.६ अनुसार एशोसिएट सदस्यको हकमा सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सञ्चालक सदस्य, कार्यकारी संचालक, कार्यकारी प्रमुख, महाप्रवन्धक वा नायव महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधि नियुक्त गरी संस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी पठाउनु पर्नेछ।

(ख)५ सदस्यहरुले आ.व. २०८२।८३ सम्मको महासंघको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र प्रतिनिधिपत्र २०८२ चैत्र २७ गते सांझ ५:०० बजे भित्र महासंघको सचिवालयमा बुझाई सकेको हुनु पर्नेछ। उम्मेदवार उठाउने सदस्य संघको हकमा यी सबै शुल्क चैत्र २२ गते भित्र बुझाई सकेको हुनुपर्नेछ। शुल्क प्राप्त नभएमा त्यस्तो उम्मेदवारको मनोनयन पत्र वैधानिक मानिने छैन।

महासंघको पर्यवेक्षकको रूपमा रहेका सदस्य संघहरूले ६० औं वार्षिक साधारण सभाको कार्यक्रममा भाग लिन पाउने छन्। तर महासंघको निर्वाचनमा उम्मेदवार मनोनयन गर्न र मतदान गर्न पाउने छैनन्।

(ग) **प्रतिनिधि शुल्कः**

वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिको लागि प्रतिनिधि शुल्क बापत संघ/संस्थाका प्रति व्यक्ति रु ४,०००|- (अक्षरेपी चार हजार ) प्रतिनिधि शुल्क लाग्ने छ। साथै संघ/संस्थाले प्रतिनिधिको नाम सहित प्रतिनिधि पत्र र शुल्क बुझाई सके पछि पुन प्रतिनिधि परिवर्तन गर्नु परेमा सम्वन्धीत संघ/संस्थाको पत्र सहित थप शुल्क रु.१,०००|- लाग्ने छ।

**विधान अनुसार मुख्य प्रतिनिधिले मात्र निर्वाचनमा मतदान गर्न पाउने छन्। अतिरिक्त प्रतिनिधि, पर्यवेक्षक एवं ५९ औं वार्षिक साधारण सभा पछि बनेका सदस्यले निर्वाचनमा मतदान गर्न पाउने छैनन्।**

(घ) **मनोनयन शुल्क**

निर्वाचनको लागि मनोनयन गर्दा निम्न बमोजिम मनोनयन शुल्क लाग्ने छ :

क) उपाध्यक्ष पदको लागि–रु ३,००,०००| (अक्षरेपी तीन लाख )

ख) कार्यकारिणी समिति सदस्य पदको लागि–रु १,००,०००| (अक्षरेपी एक लाख )

(उम्मेदवारी फिर्ता लिए पनि उम्मेदवारी बापतको शुल्क फिर्ता हुने छैन।)

संघ/संस्थाबाट प्रतिनिधि शुल्क एवं मनोयन शुल्क महासंघको निम्न अनुसारको बैंक खातामा दाखिला गर्न सकिने छ। बैंक दाखिला गरेको भौचर इमेल मार्फत उपलव्ध गराई दिन हुन समेत अनुरोध छ।

**बैंक**

वार्षिक सदस्यता शुल्क र प्रतिनिधि शुल्क online र QR code मार्फत पनि पठाउन सकिने छ।

विवरण

| A/C Name | Name of Bank | Address | A/C Number |
|---|---|---|---|
| FNCCI | Global IME Bank Ltd | Tripureshwor | 30101010000463 |

ईमेल : account@fncci.org / fncci.finance@gmail.com

(ङ) **मनोनयन हुने उम्मेदवारको लागि आवश्यक योग्यता**

उपाध्यक्ष र कार्यकारिणी समिति सदस्य पदको लागि उम्मेद्वार हुन महासंघको विधान २०४९ (सातौ संशोधन सहित)को क्रमशः दफा ६६ र ६८ बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ।

**प्रस्तावः**

६० औं वार्षिक साधारण सभामा विचारार्थ पेश गर्नुपर्ने प्रस्तावहरु भएमा महासंघको सचिवालयमा २०८२ चैत्र १६ गते भित्र आई पुग्ने गरी पठाउनु हुन अनुरोध छ।

यस महासंघको ६० औं वार्षिक साधारण सभामा समुद्घाटन कार्यक्रमका साथै वन्द शत्र एवं निर्वाचन पनि हुने भएको जानकारी गराउदै ६० औं वार्षिक साधारण सभामा भाग लिने र निर्वाचनमा उम्मेदवार खडा गर्ने संघ/संस्थाहरुले उपरोक्त अनुसारको व्यवस्था सहित उल्लेखित समय भित्र नै प्रतिनिधिपत्र, प्रतिनिधि शुल्क, मनोनयनपत्र, मनोनयन शुल्क, वार्षिक सदस्यता शुल्क पठाउनु भई महासंघको ६० औं वार्षिक साधारण सभामा सहभागी हुने व्यवस्थाका लागि अनुरोध गर्दछु ।

**संलग्न:**

१. वार्षिक प्रगति प्रतिवेदन
२. आ.व. २०८१/८२ को वासलात र लेखापरीक्षकको प्रतिवेदन
३. प्रतिनिधि पत्र थान १ (एक)।
४. मनोनयन पत्र थान २ (दुई)।

भवदीय,

( गोकर्ण राज अवस्थी )
महानिर्देशक

**बोधार्थ:**

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरु, नेउवामहासंघ ।
श्री कोषाध्यक्षज्यू, नेउवामहासंघ ।
श्री अध्यक्षज्यू, प्रदेश उद्योग वाणिज्य महासंघ ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरु, नेउवामहासंघ ।

**मनोनयन-पत्र**

२०८२

श्री निर्वाचन समिति,
नेपाल उद्योग वाणिज्य महासंघ
टेकू, पोष्ट बक्स नं. २६९, काठमाडौं ।                                                    मितिः

**बिषयः <u>उपाध्यक्षको पदको लागि मनोनयन पत्र</u> ।**

महोदय,

मिति २०८२ चैत्र २९ र ३० गते आयोजना हुने नेपाल उद्योग वाणिज्य महासंघको ६० औं वार्षिक साधारण सभामा महासंघको विधान २०४९ (सातौ संशोधन सहित) दफा २९ को उपदफा २९.२ को खण्ड घ को उपखण्ड घ१ देखि घ३ अनुसार २०८२ चैत्र ३० गते सोमवार हुने निर्वाचनमा यस संघ/संस्थाको तर्फबाट निम्न विवरणका साथ उपाध्यक्ष पदमा उम्मेद्वार मनोनयन गरी पठाईएको छ । उपाध्यक्ष पदको निर्वाचनको लागि लाग्ने उम्मेद्वारी शुल्क रु. .........। (अक्षरेपी ...... रुपैयां मात्र) को नगद/चेक/ड्राफ्ट नं. ........................यसै साथ संलग्न छ । वहांको उपाध्यक्ष पदको नाम उम्मेदवारको सूचीमा समावेश गरी दिनु हुन अनुरोध गर्दछु ।

**<u>विवरण</u>**

१. उम्मेद्वारको नाम :
२. उम्मेद्वारीको पद : **उपाध्यक्ष**
३. उम्मेद्वारी क्षेत्र : ....................... समूहबाट :
४. उम्मेद्वारको उमेर :
५. उम्मेद्वारको सम्बन्धित औद्योगिक वा व्यापारिक प्रतिष्ठान :
   (क) नाम :
   (ख) हालको पद :
   (ग) मोवाईल नं. :
   (घ) ईमेल :
६. उम्मेद्वार नेउवामहासंघको कार्यकारिणी समिति सदस्य रहेको साल/अवधि :
७. उम्मेद्वार आफुले प्रतिनिधित्व गरेको संघमा (एशोसिएट समूहबाट वाहेक) पदाधिकारी रहेको साल /अवधिः
८. उम्मेदवारको दस्तखत नमूना :
९. मनोनयनकर्ता संघको नाम :

भवदीय,
मनोनयन गर्ने संघको तर्फबाट
अध्यक्ष/पदाधिकारीको दस्तखत :
दस्तखत गर्नेको पूरा नाम :
पद :

| संघको छाप |
|---|

**<u>द्रष्टव्य</u>**

(क) माथिको विवरण ३ मा उल्लेखित उम्मेदवारी क्षेत्रमा (क) उद्योग वाणिजय संघ समूह (ख) बस्तुगत संघ समूह (ग) एशोसिएट सदस्य समूह मध्ये कुन समूह हो एक समूह उल्लेख गर्नु पर्नेछ ।
(ख) उम्मेद्वारी खडा गर्ने संघ संस्थाहरुले आ.व. २०८२/८३ सम्मको वार्षिक सदस्यता शुल्क, उम्मेद्वारी शुल्क र प्रतिनिधि शुल्क मनोनयन पत्र साथ **२०८२ चैत्र २२ गते सांझ ५:०० बजे** भित्र महासंघको सचिवालयमा बुझाई सक्नु पर्नेछ ।
(ग) माथि (क) अनुसारको मनोनयनपत्र सहितको कागजात ई–मेलबाट पनि पठाउन सकिने छ । तर, ई–मेलबाट पठाईएको सबै कागजातको सक्कल २०८२ चैत्र २६ गते सांझ ५:०० बजे भित्र नेउवामहासंघको सचिवालयमा आई पुग्नु पर्ने छ, अन्यथा मनोनयन स्वतः बदर हुनेछ ।
(घ) उपाध्यक्षको उम्मेदवारको लागि महासंघको विधान २०४९(सातौं संशोधन सहित)को दफा ६६अनुसार योग्यता पूरा भएको हुनु पर्दछ ।

FNCCI Federation of Nepalese Chambers of Commerce & Industry Estd. 1965

**मनोनयन-पत्र**

**२०८२**

श्री निर्वाचन समिति,
नेपाल उद्योग वाणिज्य महासंघ
टेकू, पोष्ट बक्स नं. २६९, काठमाडौं । मितिः

**बिषयः <u>कार्यकारिणी समितिको सदस्य पदको लागि मनोनयन पत्र</u> ।**

महोदय,

मिति २०८२ चैत्र २९ र ३० गते आयोजना हुने नेपाल उद्योग वाणिज्य महासंघको ६० औं वार्षिक साधारण सभामा महासंघको विधान २०४९ (सातौं संशोधन सहित) दफा २९ को उपदफा २९.२ को खण्ड च को उपखण्ड च २ देखि च ७ र च ९ अनुसार यही चैत्र ३० गते सोमवार हुने निर्वाचनमा यस संघ/संस्थाको तर्फबाट निम्न विवरणका साथ कार्यकारिणी समिति सदस्यका लागि उम्मेदवार मनोनयन गरी पठाईएको छ । कार्यकारिणी समितिको सदस्य पदको निर्वाचनको लागि लाग्ने उम्मेद्वारी शुल्क रु. ............।- (अक्षरेपी ............ रुपैयां मात्र) नगद/चेक/ड्राफ्ट नं. ......................यसै साथ संलग्न छ । उहांको नाम कार्यकारिणी समितिको सदस्य पदको उम्मेद्वारको सूचीमा समावेश गरी दिनु हुन अनुरोध गर्दछु ।

**<u>विवरण</u>**

१. उम्मेद्वारको नाम :

२. उम्मेद्वारको पद : **कार्यकारिणी समिति सदस्य**

३. उम्मेद्वारी दिएको क्षेत्र : उद्योग वाणिज्य संघ☐, प्रदेश☐, वस्तुगत संघ☐, बस्तुगत महासंघ☐, द्विराष्ट्रिय संघ☐, एशोसिएटस्☐ र संस्थापक सदस्य☐ मध्ये एकमा चिन्ह लागउनु पर्ने ।

४. उम्मेद्वारको उमेर :

५. उम्मेद्वारको सम्बन्धित औद्योगिक वा व्यापारिक प्रतिष्ठान :
   (क) नाम :
   (ख) हालको पद :
   (ग) मोवाईल नं. :
   (घ) ईमेल :

६. उम्मेद्वार आफुले प्रतिनिधित्व गरेको संघ/संस्था/प्रतिष्ठानमा पदाधिकारी रहेको साल/अवधि :

७. उम्मेद्वारको दस्तखत नमूना :

८. मनोनयन गर्ने संघ/संस्थाको नाम :

भवदीय,

मनोनयन गर्ने संघ/संस्थाको तर्फबाट

अध्यक्ष/पदाधिकारीको दस्तखत :

दस्तखत गर्नेको पुरा नाम :

पद :

| संस्थाको छाप |
|---|

**<u>द्रष्टव्य</u>**

(क) माथि विवरण ३ मा उल्लेख भएको उम्मेदवारी क्षेत्रमा तल उल्लेखित क्षेत्रहरु मध्ये कुनै एक क्षेत्र उल्लेख गर्नु पर्नेछ ।
(१) जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघ, (२) प्रदेश क्षेत्रको प्रतिनिधित्व, (३) बस्तुगत संघ, (४)वस्तुगत महासंघ, (४) द्विराष्ट्रिय उवासंघ, (५) एशोसिएट क्षेत्र र (६) महासंघको सस्थापक सदस्यहरू मध्ये ।

(ख) उम्मेद्वारी खडा गर्ने संघ संस्थाहरुले आ.व. २०८२/८३ सम्मको वार्षिक सदस्यता शुल्क, उम्मेद्वारी शुल्क र प्रतिनिधि शुल्क मनोनयन पत्र साथ **२०८२ चैत्र २२ गते सांझ ५:०० बजे**भित्र महासंघको सचिवालयमा बुझाई सक्नु पर्नेछ ।

(ग) माथि (क) अनुसारको मनोनयनपत्र सहितको कागजात ई–मेलबाट पनि पठाउन सकिने छ । तर, ई–मेलबाट पठाईएको सबै कागजातको सक्कल **२०८२ चैत्र २६ गते सांझ ५:०० बजे भित्र**नेउवामहासंघको सचिवालयमा आई पुग्नु पर्ने छ, अन्यथा मनोनयन स्वतः बदर हुनेछ ।

(घ) कार्यकारिणी समिति सदस्यको उम्मेदवारको लागि महासंघको विधान २०४९(सातौं संशोधन सहित)को दफा ६८ अनुसार योग्यता पूरा भएको हुनु पर्दछ ।

# प्रतिनिधि – पत्र
# २०८२

श्री महानिर्देशक, २०८२/ /
नेपाल उद्योग वाणिज्य महासंघ,
टेकु, पोष्ट बक्स नं. २६९, काठमाडौं ।

महोदय,

नेपाल उद्योग वाणिज्य महासंघको सदस्यको हैसियतले २०८२ चैत्र २९ र ३० गते काठमाडौंमा आयोजना हुने महासंघको ६० औं वार्षिक साधारण सभामा यस संघ/संस्थाको तर्फबाट प्रतिनिधित्व गरी भाग लिन निम्न लिखित प्रतिनिधि मनोनयन गरी पठाईएको छ । प्रतिनिधि शुल्क बापत रु. ................ को चेक/ड्राफ्ट/नगद पनि यसै साथ संलग्न गरेको छु ।

## प्रतिनिधिहरु

(१) संघ/संस्थाको नाम ..............................................................

(२) **मुख्य प्रतिनिधि**
(३) नाम :
(४) दर्जा :
(५) मोबाईल नं. :
(६) ईमेल :
(७) दस्तखत नमूना ...............
(मुख्य प्रतिनिधिको)

(१) **प्रतिनिधिहरु**

| नाम : | दर्जा : | दस्तखतः |
|---|---|---|
| १. | | |
| २. | | |

भवदीय,

संस्थाको छाप

मनोनयन गर्ने संस्थाको तर्फबाट प्रमाणित गर्नेको दस्तखत :
नाम :
पद :
मिति :

**द्रष्टव्यः**

१. जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघको हकमा मुख्य प्रतिनिधि सहित ३ जनासम्म प्रतिनिधि मण्डलमा समावेश गर्न सकिने छ ।
२. बस्तुगत संघको हकमा मुख्य प्रतिनिधि सहित २ जनासम्म र द्विराष्ट्रिय उद्योग वाणिज्य संघको हकमा मुख्य प्रतिनिधि १ जनामात्र प्रतिनिधि मण्डलमा समावेश गर्न सकिनेछ ।
३. एशोसिएट सदस्यको हकमा १ जना मुख्य प्रतिनिधि हुनेछ ।
४. कुनै सदस्य संघ/संस्थाले निर्वाचनमा उम्मेद्वार खडा गरेमा विधानको दफा २४.७ अनुसार उम्मेद्वारलाई प्रतिनिधि मण्डलमा समावेश गर्नु पर्ने छ । यस्तो अवस्थामा माथि बुंदा नं. १, २ र ३ मा उल्लेखित प्रतिनिधि मण्डलको संख्यामा थप गर्न सकिने छ ।
५. महासंघको सदस्य जिल्ला तथा नगरस्तरीय उवासंघ, बस्तुगत र द्विराष्ट्रिय उद्योग वाणिज्य संघको हकमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि भई नआउने भएमा महासंघको विधान २०४९(सातौं संशोधन सहित) को दफा २४ को उपदफा २४.५ अनुसार सम्बन्धित संघको कार्यकारिणी समितिले मुख्य प्रतिनिधि मनोनयन गरेको निर्णयको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ ।
६. एशोसिएट सदस्यको हकमा सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष, सञ्चालक समितिका सदस्य, कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायव महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मनोनयन गरी पठाउनु पर्नेछ ।
७. प्रतिनिधि शुल्क प्रति व्यक्ति रु. ४,०००। (अक्षरेपी चार हजार मात्र) लाग्ने छ ।
साथै संघ/संस्थाले प्रतिनिधिको नाम सहित प्रतिनिधि पत्र र शुल्क बुझाई सके पछि पुन प्रतिनिधि परिवर्तन गर्नु परेमा सम्वन्धीत संघ/संस्थाको पत्र सहित थप शुल्क रु. १,०००। लाग्ने छ ।